नीलकण्ठ नगरपालिका

# नीलकण्ठ राजपत्र

वर्ष: ४ संख्याः २१ प्रकाशित मितिः २०७७/०१/१२

भाग-२

नीलकण्ठ नगरपालिका

## "कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७७"

### प्रस्तावना

कोरोना भाइरस रोग (कोभिड-१९) को महामारी नियन्त्रण गर्न, संक्रमण फैलन नदिन, नागरिकको जीवन सुरक्षा एवं उपचारको लागि आवश्यक कार्य गर्न तथा महामारीको कारण विपद् र सङ्कटमा परेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, गर्भवती तथा सुत्केरी महिला, शिशु तथा बालबालिका, दैनिक ज्यालादारी गरेर जीवननिर्वाह गर्ने श्रमिकहरु, अरुको सहायतामा बाँचेकाहरु, विपन्न, सुकुम्वासी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एंव अन्य जोखिममा रहेका सर्म्पूण नागरिको जीवन रक्षा गर्न आवश्यक भएकोले, सङ्घीय र प्रदेश सरकारद्वारा जारी गरिएका विभिन्न निर्देशिका तथा कार्यविधि र स्थानीयतहको अधिकारक्षेत्र भित्र रही नीलकण्ठ नगरपालिकाले प्रवाह गर्ने सूचना तथा जानकारी, आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषण, स्वास्थ्यसेवा, स्वास्थ्यपरीक्षण, क्वारेटाइन, आइसोलेशन, कोभिड संक्रमणको परीक्षण, सरोकारवालाहरुसँगको सहकार्य र राहत सामग्री वितरणलगायतको कार्यलाई व्यवस्थित गरि कोष संचालन तथा खर्च प्रणाली पारदर्शी गर्न जरुरी देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम नीलकण्ठ नगर कार्यपालिकाले "कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७७" जारी गरेकोछ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।



२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "ऐन" भन्नाले नीलकण्ठ नगरपालिकाको विपद ऐन, २०७६ सम्झनुपर्छ ।

(२) "कोभिड-१९" भन्नाले विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोभल कोरोना भाइरस (Covid-19) भन्ने सम्झनुपर्दछ ।

(३) "कार्यविधि" भन्नाले नीलकण्ठ नगरपालिकाको "कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७७" सम्झनुपर्छ ।

(४) "कोष" भन्नाले दफा ११ बमोजिमको कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष सम्झनुपर्छ ।

(५) "प्रभावित व्यक्ति" भन्नाले कोरोना भाइरसको प्रकोपबाट वा नेपाल सरकारले घोषणा गरेका लकडाउनबाट आय वा रोजगारी गुमाएका व्यक्ति र निजको परिवार, परिवारका सदस्य गुमाएको, स्वास्थ्यजन्य समस्या उत्पन्न भएको, वा कोरोना भाइरसका कारण अन्य कुनै तरिकाबाट प्रभावित व्यक्तिलाई सम्झनुपर्छ ।

(६) "राहत" भन्नाले कोरोना महामारी प्रभावित व्यक्ति वा संस्थालाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ ।

(७) "समिति" भन्नाले निलकन्ठ नगरपालिकाको विपद व्यवस्थापन ऐनको दफा ३ बमोजिम गठित नगर विपद व्यवस्थापन समिति सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** कोभिड-१९ विरुद्धको प्रतिकार्य कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छ :

१) कोभिड-१९विरुद्ध गरिने प्रतिकार्यकोलागि नीतिगत वातावरण तयार गर्ने,

२) कोभिड-१९को परीक्षण, रोग नियन्त्रण तथा उपचारको लागि आवश्यक व्यवस्था गर्ने,

३) कोभिड-१९सँग सम्बन्धित सूचना तथा जानकारी सङ्कलन, संप्रेशण, विश्लेषण र त्यसको प्रवाहको लागि सहज वातावरण निर्माण गर्ने, र

४) कोभिड-१९ नियन्त्रण तथा उपचारको लागि समन्वय तथा सरोकारवालाहरु संग सहकार्य गर्ने ।

५) कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषलाई प्रभावकारी एवं पारदर्शी रुपमा सञ्चालन गर्ने ।

### परिच्छेद-२

### कोभिड-१९ विरुद्धको प्रतिकार्य

४. **कोभिड-१९ बारे जनचेतनाः** १) नीलकण्ठ नगरपालिका क्षेत्रमा टेलिफोन,अनलाइन समाचार पोर्टल, रेडियो, नगरपालिकाको वेवसाइट, सामाजिक सञ्जाल, पोष्टर तथा अन्य माध्यमबाट नगरका सबै क्षेत्रका नागरिकलाई कोभिड-१९ संक्रमणबारे जानकारी दिने र त्यसबारे सचेतना जगाइनेछ ।

२) कोभिड-१९का लक्षण, यसबाट बच्न अपनाउनु पर्ने व्यवहार तथा नियमलाई व्यापक प्रचार प्रसार

गरिने छ तर विभिन्न व्यक्ति तथा तह र माध्यमबाट अफवाह फैलाउने एवं डरत्रास, भ्रम श्रृजना गर्ने जस्ता समाचार तथा सूचना प्रकाशनर संप्रेषणलाई निरुत्साहित गरिनेछ ।

३) यस्तो सूचना तथा जानकारी तयार तथा प्रसारण गर्दा समुदायका प्रमुख भाषा भाषिकाहरुलाई समेत प्राथमिकता दिइनेछ ।

४) कोभिड-१९ बारे आवश्यक जानकारी नभएमा व्यक्ति र समुदायमा हुने जोखिमलाई ध्यानमा राखी स्वास्थ्य स्वंसेविका मार्फत् समेत यसबारे जानकारी र चेनता अभिवृद्धि गरिनेछ ।

५) नगरपालिकाभित्रका प्रत्येक घरमा कोभिड-१९ बारे आवश्यक सूचना र जानकारी पुऱ्याउन वडा अध्यक्षको अगुवाइमा आवश्यक प्रक्रिया वा अभियान सञ्चालन गरिनेछ ।

५. **कोभिड-१९ सम्बन्धमा सूचना सङ्कलनः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गरेका, नगर पालिकामा स्थायी घर भई बाहिर बसोबास रहेकोमा कोभिड-१९को महामारीको समयमा घर फर्किएका प्रत्येक व्यक्तिहरुको जानकारी सङ्कलन गर्नेछ ।

(२) कोभिड-१९ को महामारीपछि नीलकण्ठ नगरपालिकामा भारत तथा अन्य देशबाट फर्केका प्रत्येक व्यक्तिले स्वतःस्फूर्त रुपमा सम्बन्धित वडामार्फत् नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

(३) नगरपालिकामा बस्ने कसैलाई कोभिड-१९ को लक्षण (ज्वरो, सुक्खाखोकी र स्वासप्रश्वास समस्या) देखिएमा वा यी लक्षण देखिएर कुनै स्वास्थ्य संस्थामा उपचार गराइरहेको अवस्थामा पनि आफ्नो सम्बन्धीत वडामार्फत् नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

(४) नगरपालिकाले यस्तो सूचना तथा जानकारी व्यक्तिगत गोपनियता कायम रहने गरी प्रकोप नियन्त्रणको उद्देश्यको लागि मात्र प्रयोग गर्नेछ ।

(५) कोभिड-१९ सँग सम्बन्धित कुनै पनि विषयमा कुनैपनि व्यक्तिले नगरपालिकालाई जानकारी दिनचाहेमा नगरपालिकाको हेल्पडेस्क, नगरपालिकाको वेवसाइट, इमेल, फेसवुक पेज फोन नंबर वा सम्बन्धित वडामार्फत् जानकारी दिनसक्ने छन् ।

६. **क्वारेण्टाइन स्थान र बेड सञ्चालन तथा व्यवस्थापनः** (१) नगरपालिकाले विदेश तथा भारतबाट फर्किएका, कोभिड-१९ संक्रमितसँग प्रत्यक्ष सम्पर्कमा आएका, आधारभूत कोभिड-१९ लक्षण देखिएकाहरुलाई राख्नको लागि आवश्यक मात्रामा क्वारेण्टाइन स्थान र बेडहरुको व्यवस्था गर्नेछ ।

(२) यस्ता क्वारेण्टाइन स्थान र बेडहरुमा आवश्यक आधारभूत स्वास्थ्य लगायतका अन्य सेवा, सुविधा र सूचनाहरु उपलब्ध गराइनेछ । महिला तथा पुरुषको लागि छुट्टा छुट्टै क्वारेण्टाइन स्थान र बेडहरुको व्यवस्था गरिनेछ ।

(३) क्वारेण्टाइनमा बसेको अवस्थामा प्रत्येक व्यक्तिवीच १ मिटरको दूरी अनिवार्य कायम राख्नुपर्ने छ । परिवार तथा आफन्तहरुसँगको भेटघाट बन्देज गरिनेछ ।

(४) विदेश तथा भारतबाट फर्केका, कोभिड-१९ संक्रमित सँग प्रत्यक्ष सम्पर्कमा आएका, आधारभूत



कोभिड-१९ लक्षण देखिएका प्रत्येक व्यक्तिले अनिवार्य रुपमा १४ दिन क्वारेन्टाइनमा बस्नुपर्ने छ । नगरपालिकाका बासिन्दाका लागि क्वारेण्टाइनमा रहँदाको सबै खर्च नगरपालिकाले बेहोर्नेछ ।

(५) क्वारेण्टिनको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले जारी गरेका निर्देशनको पालना गर्दै आवश्यकता अनुसार अन्य नियमहरु निर्माण गरी लागु गर्न सकिने छ ।

(६) क्वारेण्टाइन स्थान तथा बेडको सञ्चालन, व्यवस्थापन सम्बन्धमा सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ ।

७. **स्वास्थ्य जाँच र संक्रमितहरुको उपचार सम्बन्धमाः** १) नागरिकको स्वास्थ्य जाँच तथा जानकारी प्रवाह गर्न आवस्यकता अनुसा हेल्थ डेस्कहरु स्थापना गरिनेछन् । यस्ता हेल्थ डेस्कबाट आधारभूत स्वास्थ्य सेवा र सूचनाहरु उपलब्ध गराइनेछ । स्थापना भएका हेल्थ डेस्कको स्थानबारे विभिन्न माध्यमद्वारा सबै नगरबासीहरुलाई जानकारी दिइनेछ ।

२) नगरपालिकाले संक्रमितहरुको उपचारको गर्न कुनै उपचार केन्द्र स्थापना गरी सेवा सञ्चालन गर्न सक्नेछ । यस्ता केन्द्रका साथै स्वास्थ्यसेवा प्रदान गरिरहेका अन्य अस्पताल, जिल्ला अस्पताल, क्षेत्रीय तथा प्रादेशिक अस्पतालमा संक्रमितको उपचारको लागि आवश्यक समन्वय गरिने छ ।

३) उपचारको लागि आवश्यक वभिन्न औषधि तथा उपचार सामग्री र स्वास्थ्यकर्मीको लागि जिल्ला, प्रदेश तथा संघीय सरकारसँग पनि आवश्यक समन्वय र सहकार्य गरी उचित व्यवस्था गरिनेछ ।

४) स्वास्थ्य उपचारको लागि आवश्यक डाक्टर तथा स्वास्थ्यसँग सम्बन्धित जनशक्तिको व्यवस्था मिलाइनेछ । यस्तो परिस्थितिमा काम गर्ने स्वास्थ्य क्षेत्रका कर्मचारी तथा कोभिड-१९ विरुद्धको प्रतिकार्यमा विशेष रुपमा खटिइने कर्मचारीलाईलाई साविक तलबभत्तामा ५० प्रतिशत थप सेवा सुविधा उपलब्ध गराइनेछ ।

५) कोभिड-१९ महामारीबाट नीलकण्ठ नगरवासी कोहि संक्रमित भएमा उपचारमा लाग्ने सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्नेछ ।

६) उपचारको प्रक्रियामा अवरोध पुऱ्याउने तथा सुरक्षामा आँच आउने क्रियाकलाप गर्नेलाई कानुन बमोजिको सजाँयको निम्ति सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

७) कोभिड-१९ को कारणले औषधोपचारको क्रममा बिरामीको मुत्यु भएमा अन्त्येष्टिको प्रवन्ध नगपालिकाले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

८) नीलकण्ठ नगरपालिकाले आफ्नो क्षेत्रअन्तर्गतका सबै सरकारी तथा निजी स्वास्थ्य संस्थाहरु, उनीहरुसँग भएको सेवा, सुविधा (बेड क्षमता र उपलब्ध स्वास्थ सेवा) सहितको विस्तृत सूचि तयार गर्नेछ र सो सम्बन्धी जानकारी सार्वजनिक रुपमा प्रवाह गर्नेछ ।

९) आफ्नो मातहतका स्वास्थ्य संस्थाबाट फोनमा वा अन्य अनलाइन विधिबाट सामान्य बिरामीलाई स्वास्थ्य सेवा तथा सूचना दिने व्यवस्था मिलाइनेछ ।

१०) कोभिड-१९को कारणले कसैलाई अनावश्यक डर तथा मानसिक समस्या देखिएमा आवश्यकता अनुसार प्रत्यक्ष वा फोनमार्फत् मनोसामाजिक परामर्श सेवा पनि उपलब्ध गराइनेछ।

८. **खाद्यान्न तथा अन्य आवश्यक सामग्रीको आपूर्तिः** (१) नगरपालिकाले आवश्यक खाद्यान्न तथा अत्यावश्यक वस्तुहरुको सहज आपूर्तिको लागिएक विशेष कार्यदल गठन गर्नेछ। कार्यदल मार्फत वडा कार्यालयहरुसंग समन्वय गरि ब्यवस्था मिलाइनेछ। खाद्यान्य, औषधि र अन्यअत्यावश्यक सेवाको लागिसुरक्षाका मापदण्ड लागू गरी सेवा सञ्चालनको व्यवस्था गरिनेछ। यसको लागि सरोकारवालाहरुसँग सहकार्य र समन्वय गरिनेछ।

(२) सङ्कटको बेला खाद्यान्न र औषधि जस्ता वस्तुको मूल्य वृद्धि तथा कालोबजारी नहोस् भन्ने सुनिश्चित गर्न आवश्यक निर्देशन जारी गर्ने तथा नियमित बजार अनुगमनको व्यवस्था मिलाइनेछ।

(३) अति आवश्यक वस्तुहरु जस्तै खाद्यान्न, दुध, पानी तथा औषधि लगायतको सहजढुवानीको व्यवस्था मिलाइनेछ।

(४) नगरपालिकाले वडाहरुसँग समन्वय गरी प्रत्येक वडामा रहेका खाद्यान्य तथा अन्यआवश्यक सामग्री बिक्रेताहरुको सम्पर्क नम्बरसहितको पूर्ण सूचि तयार गर्नेछ र सोसम्बन्धी सूचना नियमित प्रवाह गरिनेछ।

(५) यससम्बन्धी सबै सूचना तथा जानकारीहरु नियमित रुपमा नगरपालिकाको वेबसाइट, सामाजिक सञ्जाल तथा सञ्चार माध्यमहरुबाट प्रसारण गरिनेछ र नगरपालिकाको हेल्पडेस्कबाट पनि नागरिकले यसबारे जानकारी लिनसक्नेछन्।

९. **सुरक्षाबन्दी (लकडाउन) तथा भौतिक दूरी कायम राख्ने सम्बन्धमाः** (१) नेपाल सरकारले गरेको लकडाउनलाई पूर्णतः पालना गर्ने दायित्व नगरबासीको हुनेछ। तोकिएको समयमा आवश्यक कामको लागि मात्र घर बाहिर निस्कन पाइनेछ।

(२) प्रत्येक नागरिकले सरकारले दिएको निर्देशन अनुसार भौतिक दूरी कायम गरी बस्नुपर्ने छ। अत्यावश्यक कार्य बाहेक बाहिर हिँडडुल, भेटघाट, छलफल गर्न निरुत्साहित गरिनेछ।

(३) पालिकाले यस्तो सङ्कटको बेला भेला, बैठक, भोज-भतेर, चाडपर्व आदिमा रोक लगाउन सक्नेछ। यस्तो बेला नागरिकले सरकारको निर्देशन पालना गर्नुपर्नेछ। यसको उल्लङ्घन गर्नेलाई कानुन बमोजिमको सजाँयको लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ।

(४) लकडाउनको अवस्थामा कसैले कुनै व्यक्तिको अधिकार र मर्यादामा आँच पुऱ्याउने वा घरेलु हिंसा जस्ता कार्य गरेमा त्यसको न्यायिक प्रक्रियाको लागि नगरपालिकाले समन्वय र सहजीकरण गर्नेछ।

१०. **राहत सामग्री सङ्कलन र वितरणः** (१) नगरपालिकाले सम्बन्धित वडा कार्यालयमार्फत् कोभिड-१९ को कारणले अप्ठारोमा परेका गरीब, अपाङ्गता भएका व्यक्ति, विपन्न, दैनिक ज्यालादारी तथा मजदुर र कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरुको लगत सङ्कलन गर्नेछ।



(२) नगरपालिकाले उपदफा (१) को लगतको आधारमा आवश्यक खाद्यान्नको व्यवस्था गरी वडा कार्यालयसँगको समन्वयमा दफा ८ (१) अनुसार गठित कार्यदलमार्फत एकद्वार प्रणाली लागू गरि राहत वितरण गर्नेछ। राहत वितरणलाई व्यवस्थीत र पारदर्शी बनाउन नीलकण्ठ नगरपालिकाले छुट्टै मापदण्ड बनाई लागू गर्नेछ।

(३) राहत सामग्रीको लागि नगरपालिकाले प्रदेश सरकारबाट प्राप्त रकम, नगरपालिकाको बजेट र अन्य विभिन्न व्यक्ति, सङ्घ-संस्था, ट्रष्ट, व्यापारी आदिबाट प्राप्त रकम र सामग्री उपयोग गर्नेछ।

(४) उपदफा ३ बमोजिम विभिन्न व्यक्ति, सङ्घ-संस्था, ट्रष्ट, व्यापारी आदिबाट प्राप्त रकम र सामग्रीको व्यवस्थित विवरण र लगत तयार गरी सार्वजनिक गरिनेछ।

(५) नगरपालिका र वडाद्वारा प्रदान गरिएको राहत र सो राहत प्राप्त गर्नेको विस्तृत विवरण तयार गरी पालिकाको वेबसाइट वाअन्य सञ्चारमाध्यमबाट पारदर्शी तरिकाले सार्वजनिक गरिनेछ।

(६) राहत सामाजिक न्याय तथा प्राथमिकताको आधारमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

## परिच्छेद - ३

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

११.. **कोषको स्थापनाः** (१) कोरोना भाइरसको कारण उत्पन्न भएको वा हुनसक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी कार्य स्थानीयस्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक पर्ने स्रोत संकलन र परिचालन गर्न नगरपालिकामा एक "कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" रहनेछ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि नीलकण्ठ नगरपालिकाको विपद् व्यवस्थापन खातामा जम्मा गरी अलग्गै हिसाव राखिनेछ।

(३) कोषको आय अन्तर्गत यस कार्यविधिको बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त रकम तथा कोषमा मौज्दात रहेको रकमबाट प्राप्त ब्याजलाई समावेश गरिनेछ।

(४) कार्यविधिको दफा १३ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिनेछ।

१२. **कोष सम्वन्धी विशेष व्यवस्थाः** (१) कोषको रकम कोरोना भाइरस संक्रमण नियन्त्रणसँग सम्बन्धित कार्ययोजना बमोजिमका क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ।

(२) कोरोना भाइरस संक्रमण पूर्णरुपमा नियन्त्रणमा आएको भनी नेपाल सरकारले घोषणा गरेको तीन महिनाभित्र यस कोषमा रहेको रकम नीलकण्ठ नगरपालिकाको विपद ऐनको दफा १५ बमोजिम स्थापित विपद व्यवस्थापन कोषमा स्वतः स्थानान्तरण हुनेछ।

(३) उपदफा (२) बमोजिम स्थानान्तरण गर्दा कोषको श्रेस्ता र दायित्व बाँकी भए सो समेत विपद व्यवस्थापन कोषमा स्थानान्तरण हुनेछ।

१३. **कोषको उद्देश्यः** (१) कोभिड-१९ ले पारेको प्रभाव र पार्न सक्ने प्रभावको संक्रमण रोकथाम, नियन्त्रण तथा न्यूनीकरण गर्दै प्रभावित व्यक्ति, संस्था र समुदायलाई आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउनु कोषको उद्देश्य हुनेछ।

(२) कोषको रकम देहायका क्षेत्रमा खर्च गरिनेछ:

(क) कोभिड-१९ बाट संक्रमित वा प्रभावित व्यक्तिहरूको खोज तथा उद्धार गरी अत्यावश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने।

(ख) प्रकोप जोखिम न्यूनीकरण र प्रभावितहरूलाई तत्काल राहत उपलब्ध गराउने।

१४. **कोषको आम्दानीः**

(१) कोषमा देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछः

(क) नीलकण्ठ नगरपालिकाको वार्षिक बजेटमार्फत विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकमबाट कार्यपालिकाको निर्णय अनुसार यस कोषमा स्थान्तरित रकम,

(ख) प्रचलित कानून बमोजिम नगर कार्यपालिकाको निर्णय बमोजिम अन्य शिर्षकबाट यस कोषमा सारिएको रकम,

(ग) अन्य स्थानीय तहबाट सहायता वापत प्राप्त रकम,

(घ) नेपाल सरकार र प्रदेश सरकारबाट कोभिड-१९ संक्रमण रोकाथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यका लागि प्राप्त रकम,

(ङ) नगर सभा सदस्य, नगर कार्यपालिका सदस्य तथा नगरपालिकाका कर्मचारीहरूबाट प्राप्त सहयोग रकम,

(च) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू, विकास साझेदार संस्थाहरु र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, संघ संस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

(छ) गैर आवासीय नेपाली, वैदेशिक सरकार तथा संघ संस्थाको तर्फबाट प्रचलित कानूनका अधिनमा रही प्राप्त हुने रकम,

(ज) कोषमा मौज्दात रहेको रकममा उपलब्ध हुने ब्याज आय,

(झ) दफा १५ बमोजिमको वस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त आय,

(ञ) प्रचलित कानूनको अधिनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ११ बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा नगरपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्नेछ। त्यसरी नगदै जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनु पर्नेछ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक



विवरण नियमित रुपमा सार्वजनिक गरिनेछ। तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन।

१५. **वस्तुगत सहायता सामाग्रीः** (१) कुनै व्यक्ति वा संस्थाबाट वस्तुगत सहायता सामग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री कोभिड-१९ निदान सम्बन्धी स्वास्थ्य उपकरण, औषधी, संक्रमण नियन्त्रण संबन्धि र प्रभावितहरुलाई राहत प्रदान गर्ने सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा अभिलेख जनाई त्यस्तो सामग्रीको उपलब्ध भएसम्म मूल्य जनाइ वा नजनाइ कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुगत सहायता सामग्री कोभिड-१९ संक्रमण नियन्त्रण वा राहत सहयोगको कार्यमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा त्यस्तो सहयोग आंशिक वा पूर्णरूपमा अस्वीकार गर्न सकिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुगत सहायता सामाग्री प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई अस्वीकार गर्न सकिनेछ।

१६. **कोषको प्रयोगः** (१) कोभिड-१९ संक्रमण नियन्त्रण र राहतका लागि कोषमा जम्मा भएको रकम तथा वस्तुगत सहायता सामाग्री खर्च गर्नका लागि समितिले आवश्यकतानुसार निर्णय गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ संक्रमण विरूद्ध तत्काल प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको तर समितिको बैठक तुरुन्तै बस्न सक्ने अवस्था नरहेमा नगर विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिको दफा ७ को उपदफा (२) बमोजिम खर्च गर्न बाधा पुग्ने छैन।

(३) कोषको रकम तथा सामग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ।

(क) कोभिड-१९ संक्रमण वा जोखिममा रहेका वा त्यसबाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्दार र उपचार सम्बन्धी कार्य गर्न,

(ख) कोभिड-१९ सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(ग) कोभिड-१९ संक्रमणबाट बच्ने सामग्री खरिद तथा वितरणको कार्य गर्न,

(घ) कोभिड-१९ उपचार सम्बन्धी कार्यमा संलग्न स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि, स्वास्थ्य उपकरणहरु, सेनिटाइजर, मास्क, पञ्जा लगायतका सामग्री, स्वास्थ्यकर्मीको सुरक्षाका लागि व्यक्तिगत सुरक्षा सामाग्री खरिद र ढुवानी गर्न,

(ङ) कोभिड-१९ प्रभावित व्यक्तिको तत्काल राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइका सामग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(च) कोभिड-१९ प्रभावित वा जोखिममा परेका व्यक्तिहरूलाई राख्ने सुरक्षित स्थल निर्माण गर्न,

(छ) कोभिड-१९ बाट संक्रमित व्यक्तिको औषधोपचार गर्न,

(ज) कोभिड-१९ भाइरस संक्रमित तथा प्रभावित व्यक्तिलाई मनोपरामर्श तथा उपचार गर्न,

(झ) कोभिड-१९ का कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रियाका लागि निजको परिवारलाई सहायता उपलब्ध गराउन,

(ञ) कोरोना भाइरस सम्बन्धी विमारी वा जोखिम समूहको खोज, उद्धार तथा परामर्शका लागि स्वयंसेवक तथा विशेषज्ञको परिचालन र सामग्री खरिद तथा भण्डारण गर्न,

(ट) कोरोना भाइरसका कारण नेपाल सरकारबाट घोषित लकडाउनको अवधिमा स्थानीय उत्पादनको बजार पहुंच सुचारू गर्न तथा आपूर्ति व्यवस्था सुचारू गर्न,

(ठ) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानमा रहेका विरामी वा जोखिममा रहेका व्यक्तिलाई सुरक्षित क्वारेन्टाइन वा आइसोलेसन स्थलसम्म स्थानान्तरण गर्न,

(ड) समितिले तोके बमोजिमको कोभिड-१९ तथा लकडाउनका कारण भएको क्षतिपुर्ति सम्वन्धी अन्य काम गर्न, गराउन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित रूपमा सम्पादन गरिने प्रकृतिका कार्यलाई यस कोषसंग आवद्ध गराई कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन ।

१७. **कोषको प्रयोग गर्न नपाईने:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकाको खर्च उपलब्ध गराउन,

(घ) कोरोना भाइरस प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत वाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, सेमिनार, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न, गराउन,

(च) कोरोना भाइरस संक्रमण नियन्त्रण, न्यूनीकरण वा प्रभावितलाई राहत व्यवस्थापनसँग प्रत्यक्ष सम्वन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन ।

(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामग्रीमध्ये कुनै पनि सामग्री पूर्ण वा आंशिकरूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिने छैन ।



## परिच्छेद - ३

## कोषको सञ्चालन, लेखा तथा लेखापरिक्षण

१८. **कोषको सञ्चालनः**

(१) कोषको खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषबाट नेपाल सरकारले तोकेको मापदण्ड वा अवस्था अनुसार समितिले तोकेको मापदण्ड अनुसार सामग्री वा नगदमा सहायता दिन सकिने छ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामग्रीको निकासा तथा आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्री कोभिड-१९ संक्रमण, नियन्त्रण, राहत तथा व्यवस्थापन सम्बन्धी कार्यमा उपयोगका लागि निकासा गर्दा जिन्सी किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

१९. **कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकरण:** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिक रूपमा भएको आम्दानी र खर्चको विवरण नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामार्फत नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

२०. **लेखापरीक्षणः** (१) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नगर कार्यपालिका वा नगरसभाबाट गठित लेखा समितिले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(४) नगर कार्यपालिकाले उक्त कोष स्थानीय कानून अनुसार सामाजिक र सार्वजनिक लेखापरीक्षणको व्यवस्था मिलाउने छ ।

२१. **अनुगमन, मुल्याङ्कनतथा उत्प्रेरणाः** (१) कोभिड-१९ जस्तो महामारीमा सेवा पुऱ्याउने व्यक्ति तथा सङ्घ-संस्थाको कामको उचित मूल्याङ्कन गरिनेछ । विपद्को समाप्तिपछि सहयोग पुऱ्याउने व्यक्ति तथा सङ्घ-संस्थालाई उनीहरुको योगदानको लागि सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

(२) कोभिड १९ को प्रतिकार्यमा भैरहेको कामको नगरकार्यपालिका स्तरमा नगरप्रमुखको नेतृत्वमा र वडा स्तरमा वडा अध्यक्षको नेतृत्वमा नियमित अनुगमन हुनेछ । नगरप्रमुखको प्रत्यक्ष निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकताअनुसार कर्मचारी परिचालन गरि अनुगमन व्यवस्थापन गर्नेछन् ।

(३) यो कार्यविधि कार्यान्वयनको समयमा खटिएका कर्मचारी एवम् स्वंयसेवीहरुलाई विभिन्न तरिकाबाट उत्प्रेरित गरिनेछ । विपद्को समयमा हातेमालो गर्ने विभिन्न व्यक्ति, निजी क्षेत्र, सुरक्षानिकाय र सङ्घ-संस्थालाई उनीहरुको योगदानको कदर स्वरुप विपद्को समाप्तिपछि पहिचान, कदर, सम्मान, पुरस्कार प्रदान गरिनेछ ।

२२. **<u>सूचना सङ्कलन, विश्लेषण र प्रवाह</u> :** (१) नगरपालिकाले कोभिड-१९ संग सम्बन्धितसूचना सङ्कलन, विश्लेषण र प्रवाहको लागिआवश्यक ढाँचा तयार गरी सम्बन्धित विषयगत शाखा तथा वडा कार्यालय मार्फत संकलन गर्नेछ ।

(२) मिडिया तथा अन्यव यक्तिले वेवसाइट र सामाजिक सन्जालका अतिरिक्त नगरपालिकाको सूचना अधिकारी मार्फत सूचना पाउन सक्नेछन् । नगर कार्यपालिकाको निर्णयका सम्वन्धमा प्रवक्ता मार्फत पनि सूचना प्राप्त गर्न सक्नेछन् ।

(३) कोभिड-१९ बारे कुनै पनि जानकारी चाहिएमा नगरपालिका कार्यालयको हेल्पडेस्कमा रहेको हटलाइन नम्वरमा जुनसुकै बेला सम्पर्क गरी आफूले चाहेको जानकारी तथा सूचना लिन सकिनेछ ।

(४) कोभिड-१९ विरुद्धको प्रतिकार्यमा नगरक्षेत्रमा सञ्चालित सञ्चार माध्यम तथा राष्ट्रिय माध्यमका पत्रकारहरु मार्फत प्रभावकारी सूचना प्रवाह गरिनेछ ।

२३. **<u>सुरक्षा सम्वन्धमा</u> :** १) कोभिड-१९ महामारीबाट बच्न नगरपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नेछ । यसको जानकारी विभिन्न माध्यमवाट नगरवासीलाई गराइनेछ ।

(२) सुरक्षा सम्वन्धमा आवश्यक परेको खण्डमा नगरपालिकाले सरोकारवालाहरुसंगको परामर्शमा स्वयंसेवकहरु परिचालन गर्नेछ ।

(३) उपचारमा संलग्न डाक्टर तथा अन्य स्वास्थ्यकर्मीको सुरक्षाको लागि आवश्यक वन्दोबस्त गरिनेछ ।

(४) नगर प्रहरी तथा सुरक्षा निकायको समन्वयमा अन्य आवस्यक सुरक्षाप्रवन्ध गरिनेछ ।

२४. **<u>सहकार्य र समन्वयः</u>** (१) नगरपालिकाले विभिन्न व्यक्ति र निकायहरु सँगको सहकार्य र समन्वयमा प्रभावकारी सेवा सञ्चालन गर्नेछ ।

(२) सूचना प्रवाहमा स्थानीय सञ्चारमाध्यम, पत्रकार र पत्रकारका पेशागत संघसंस्था संग समेत आवश्यक सहकार्य र समन्वय गरिनेछ ।



(३. आवश्यक श्रोत व्यवस्थापनमा निजी क्षेत्र, दातृ निकाय, व्यक्तिगत सहयोगीहरु, नागरिक अभियान्ता, गैह्र सरकारी संघसंस्था संग विशेष सहकार्य र समन्वय गरिनेछ ।

२५. **<u>गुनासो सुनुवाइ</u> :** (१) यो कार्यविधिको कार्यान्वयन सम्वन्धी गुनासोको सुनुवाइ नगर कार्यपालिकामा नगर प्रमुखबाट र वडास्तरमा वडाअध्यक्षबाट हुनेछ ।

(२) कार्यविधिको कार्यान्वयन सम्वन्धी गुनासोलाई पारदर्शी र जिम्मेवार तरिकाले सम्वोधन गरिनेछ ।

२६. **<u>बाधा अड्चन फुकाउनेः</u>** (१) यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगरप्रमुखमा हुनेछ । नगरप्रमुखको निर्देशनमा सबैको सहयोग तथा समन्वयमा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा यो कार्यविधि कार्यान्वयन गरिनेछ ।

(२) कोभिड-१९ को महामारीको नियन्त्रणसंग सम्बन्धित तर कार्यविधिमा उल्लेख नभएका विषयमा कार्यविधिको उद्देश्य अनुसार नगरप्रमुखले निर्देश गरेअनुसार वा कार्यपालिकाले निर्णय गरेअनुसार हुनेछ ।

२७. **<u>यसै कार्यविधि अनुसार भए, गरेको मानिने</u> :** यो कार्यविधि लागू हुनुपूर्व नीलकण्ठ नगरपालिका तथा वडाहरुवाट भए, गरेका कामकारवाहीहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

२८. **<u>स्थगन वा खारेजी</u> :** कोभिड-१९ को महामारीको नियन्त्रणपछि वा अब यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक छैन भन्ने निर्णय कार्यपालिकाबाट भएमा यो कार्यविधि स्थगन वा खारेज भएको मानिनेछ । यसरी कार्यविधि खारेज भएमा यस कार्यविधिको दफा ११ अनुसार स्थापित कोष स्वतः नगर विपद् व्यवस्थापन कोषमा स्थान्तरित हुनेछ ।

**आज्ञाले**

**हरिप्रसाद अर्याल**

**प्रमाणिकरण मितिः २०७७/०१/०६** **प्रमुख प्रशासकीय अधिकृत**